# नेपाल सरकारको कोभिड् १९ (कोरोना भाइरस) को पूर्व तयारी सम्बन्धमा बिस्लेषण (मार्च २८, २०२०)





**तयार गर्ने:** राधा पौडेल, rpauaudel456@gmail.com, +977-9849596298

**सहयोग गर्ने:** अनुपा रेग्मी, regmianupa17@gmail.com, +977-9851175118

**मार्च ३०, २०२०**

**काठमाडौँ**

## सन्दर्भ:

कोभिड १९ का कारण लकडाउन  भएपछी सामाजिक संजालमा झुम्ने समय र मन दुवै अलिक धेरै भयो जहाँ सरकारको बढी विशेषगरेर मार्च २६, २७, २८ मा बढी नकारात्मक समाचार आउन थाले | त्यतिखेर आफैलाई प्रश्न आयो - के भएको थियो हामीले केलाउन पर्दैन ?

त्यही केलाउने सन्दर्भमा आएका परिणाम हो | पढ्दै शुरुमा नीति पढदा ठिकै लागेको थियो, यस्तै त हो नि सबैको जस्तो लागेको थियो जब कामहरु खोतल्न थालियो तब लाग्यो हो आतुरीमा नतिजा पनि आतुरीकै साथ खोजिन्छ | सामाजिक संजालमा प्राय नदेखिने, आफुलाई दिग्गज ठान्ने अर्को समूह गुगलग्रूपसंग जोडिएर उस्तै मनोभाब देखिएमा विधुतीय पत्रहरु आउन जान थाले | यही परिबेशमा जन्मिएको हो यो | जसले मलाई झुक्किएर हो वा केहि आशा र भरोसाले हो जोड़ाउनु भएको उहालाई र पत्र लेख्नेहरुलाई धन्यवाद | सबैभन्दा धेरै धन्यबाद इन्टरनेट पत्ता लगाउँने र म जस्तो सामान्य व्यक्तिले पनि प्रयोग गर्न सक्ने पद्दति बनाउनेलाई |

यो रिपोर्ट मार्च करीब ४८ घन्टा (नियमित नित्य कार्य, बेला बखतका फोन , रातको निन्द्रा कटाएर) मा तयार भएको छ | कम्प्युटर बिग्रेको छ, त्यही पनि पढेका कुरालाई लिपिबद्द गरु भन्ने लागेर गरेको हो | फेरी नेपली टाइपको समस्या छ युनिकोड प्रयोग गर्छु तर पनि अप्ठेरो लाग्छ | जानेकै ब्याकरण पनि बिगारिदिन्छ भने कतिपय बेला मेरो ढंग पनि पुग्दैन | जे भए पनि यो सहयोगी सामग्री बन्ला भन्ने सोच लिएको छु | पढिदिनु भएकोमा धन्यबाद |

मार्च ३०, २०२०

सोमबार,

लकडाउन, काठमाडौं

# बिषय सूची

सन्दर्भ: ........ III

पृष्ठभूमि: ........ V

नेपालमा भाइरसको इतिहास ........ VII

उद्देस्य ........ VIII

तार्किकता ........ VIII

बिधि ........ IX

नतिजा बिस्लेषण ........ IX

छलफल: ........ XI

निचोड र सुझाब ........ XVIII

सिमितता ........ XIX

अनुसूची ........ XX

## पृष्ठभूमि:

कोभिड १९ पशुपंक्षीजन्य नयाँ प्रजातिको भाइरस हो जुन चमेरोसंग सम्बन्धित छ तापनि कहाँ कहाँ, कसरी, जिबन प्रकृया, कसरी सर्छ, कुन समुदाय, लिंग, तापक्रम, समाज आदिमा पुरा गर्छ र असर पार्छ आदि कुरा अनुसन्धान कै क्रममा भएतापनि चीन, बिश्व स्वास्थ्य संगठन र अन्य सक्रमित मुलुकले केहि सामग्री बाहिर ल्याएका छन् | चीन र बिश्व स्वास्थ्य संगठनले फेब्रुअरी १६-२४ मा सयुक्त रुपमा प्रकाशित गरेको रिपोर्टको आधारमा संक्रमण भएको व्यक्तिबाट मुख्यत ड्रपलेट (खोक्दा, हाच्छ्यु गर्दा निक्सेको थुक, सिगान) आदिबाट सुरक्षित नरहेको व्यक्तिमा सजिलै सर्दछ | पछिल्लो अनुभबमा यो संक्रमण हावाबाट (बिशेष गरि स्वास्थ्य सस्थामा) पनि सरेको देखिएको छ र दिशामा पनि भाइरस देखिएको छ (चित्र १)| संक्रमण भएको व्यक्तिबाट अर्को व्यक्तिमा सरेको धेरै देखिएको छ | यो रोगको लक्षण खासै यहि हो भन्ने छैन अर्थात् लक्षण नदेखिकन पनि भाइरस अरुहरुलाई सरिरहेको हुन्छ | उमेर भएका युबाहरुमा यस्तो अबस्था देखिएको छ | लक्षण देखिएकाहरुमा रुघाखोकी (८०%)जस्तो देखिएर ज्वरो आउने, सुक्खा खोकी लाग्ने, सास फेर्न गार्हो (करिब १४ %) हुदै गम्भीर निमोनिया र एक भन्दा बढी अंगले काम गर्न छोडेको अबस्था (करिब ६ %) देखिन्छ | संक्रमण वा भाइरससंग सम्पर्कमा आएको ५-६ दिनमा लक्षण देखिन थाल्दछ तर यसको सराइअबधि १-१४ दिन हो | ६० वर्ष भन्दा बढी उमेरसंगै अन्य दिर्घरोग जस्तो मधुमेह, उच्च रक्तचाप भएका, धुम्रपान




चित्र १ सर्ने तरीका[1]




*चित्र २ कोभिड् १९ को जोखिम*

गर्ने, मदिरा सेबन गर्नेहरु अलिक धेरै जोखिममा हुन्छन | बच्चाहरु, १९ वर्ष मुनिकोमा थोरै (करिब २ %) संक्रमण देखिएको छ | त्यस्तै धेरै पुरुषमा देखिएको छ |

विश्व स्वास्थ्य संगठन र चीनको सयुक्त सुझाबमा नेपाल अन्य मुलुकबाट आएको संक्रमण भएका देश भएकोले निम्न कुरा गर्नु सान्दर्भिक छ |

१. तुरुन्त उच्चस्तरीय, सबै क्षेत्रका बिज्ञ समाबेश गरेर समिती निर्माण गर्ने |
२. केश पत्ता लगाउँने, जाच्ने, आइसोलेशनमा राख्ने, सम्पर्कमा आएकाहरुलाई पत्ता लगाउँने र सघन क्वारेन्टइनमा राख्ने
३. कोभिड १९ का बारेमा व्यापक प्रचारप्रसार गरेर उनीहरुको रोग रोकथाम गर्न भूमिका स्पष्ट पार्ने |
४. सर्भिलेन्सलाइ व्यापक पार्ने |
५. रोग सर्ने सांगलोलाइ चुडाल्न बहुपक्षीय योजना र अभ्यासहरु गर्ने जस्तो जमघट हुन् नदिने, स्कुल बन्द गर्ने, घरबाट काम गर्ने आदि |

विश्व स्वास्थ्य संगठन र चीनको सयुक्त सुझाबमा सर्बसाधारणलाई निम्न सुझाब दिएको थियो |

- कोभिड १९ रोकथामको लागि बिश्व स्वास्थ्य संगठनले भने अनुसार सरसफाईमा (हात साबुनले धुने, खोक्दा कुहिनोले छोपेर खोक्ने, हात नमिलाएर नमस्ते गर्ने आदि ) ध्यान दिने |
- कोभिड १९ को लक्षण र नयाँ नयाँ जानकारी बारे अपडेट रहने | आफु, आफ्नो परिबार घरमा नै बस्ने, बाहिर अत्याबश्यक काम बाहेक नजाने | सकेसम्म छुटै कोठा र चर्पीको प्रयोग गर्ने आदि |[1]

[1] Report of the WHO-China Joint Mission on Coronavirus Disease 2019 (COVID-19), 16-24 February 2020

## नेपालमा भाइरसको इतिहास

साउथ मर्निंग चाइना पोस्टका अनुसार नोभेम्बर १७, २०१९ मा हुबेई प्रान्तमा ५५ बर्षको पुरुषबाट कोभिड भाइरस संसारभर फैलिएको थियो[2] | चीनमा बिद्याबारिधी गर्दै गरेका नेपालगंज निबासी ३१ बर्षीय पुरुष आफै सरुवा रोग अस्पताल टेकुमा आएर जचाएका थिए | जनवरी २३ मा हंगकंगमा उनको घाटीको स्वाब संक्रमण भएको पुष्टी  भएको थियो तर उनी सामन्य उपचारमा नै सन्चो भए |[3] वुहानमा अनिश्चित लकडाउन  भएकोले नेपाली बिद्यार्थी देश फर्कन चाहे भने उनका आफन्त पनि नेपालमा बिभिन्न माध्यमबाट सरकारलाई फिर्ता ल्याउने बाताबरण सिर्जना गर्न दबाब दिनेथाले | सरकारको केहि बिरोध पनि भयो र खरिपाटीमा तयारी गर्न पनि समय लाग्यो | अन्तत: नेपाल एरलाइन्सको ३३० एरबसले फेब्रुअरी १६का दिन १७५ जना नेपाली बिद्यार्थी एक महिनादेखि लकडाउन  थुनिएर बसेका थिए, नेपाल लिएर आयो र खरिपाटीमा १४ दिनमा खरिपाटीमा राख्यो | जाच गर्यो र उनीहरु कसैलाई पनि संक्रमण देखिएन | ज्वरो आएका ६ जनालाई उही छोडिएको पनि थियो | सरकारलाई बिद्यार्थी र उनका अभिभाबकले धन्यबाद दिए, कोहि संक्रमण नभेटिएकोले सरकार खुशी हुने नै भयो |[4] सरकार बिशेष गरेर पर्यटन तथा संस्कृती मन्त्रालयले कोरोना फ्री देश भनेर २०२० नेपाल भ्रमण वर्ष अभियान गर्न कस्सियो |

मार्च ११ मा विश्व स्वास्थ्य संगठनले कोभिड १९ महाब्याधि भएको र सबै मिलेर परास्त गर्न अनुरोध गरेको थियो | जुन घटनाले नेपाली समाज बिशेषगरि हुदा खाने वर्ग डराउन थालेको थियो | सरकार पनि तयारीमा जुटेको देखिन्थ्यो - मार्च १७ मा उपप्रधानमन्त्रीको संयोजकत्वमा उच्च स्तरीय समिती बनेर १२० सघन उपचार कक्ष, १००० आइसोलेशन बेड काठमाडौँको ७ वटा अस्पतालमा रहने निर्णय गरेको थियो |  मार्च १८ बाट स्कुल बन्द गरिए अनि यसीईइको

---

[2] https://www.livescience.com/first-case-coronavirus-found.html
[3] https://kathmandupost.com/national/2020/03/21/the-covid-19-outbreak-so-far-and-how-nepal-can-prepare-for-the-worst
[4] https://www.nepalitimes.com/latest/nepalis-from-hubei-quarantined-in-bhaktapur/

परिक्षा सारियो | थुप्रै अन्तरास्ट्रिय बिमान बन्द, कार्यक्रम रद्द गरियो केहि पुनर्विचार गर्नेगरि राखीयो | मार्च २३ बाट लकडाउन शुरु भयो | कोरोना अस्थायी अस्पताल, वार्ड , बेड बनेका खबर आउन थाल्यो |

मार्च २३ मा फ्रान्सबाट फर्किएकी १९ बर्षीय युवतीमा संक्रमण देखिएपछी करिब एक महिनाको खुशी र घमण्ड टिक्न सकेन | जनता शशंकित देखिए | अतालिए | सरकारले बिश्व स्वास्थ्य संगठनको सिफारीस कार्यन्वयन नगरेको गुनासो परालको आगो झैँ सल्कियो | सामाजिक संजाल तातियो |

मार्च २५ मा दुबईबाट फर्केको (धादिंग),२७ मा दुबईबाट फर्केको (धनगढी) बिरामीमा कोभिड पोजेटिभ देखिएको घटनाले फेरी जनता आताकित मात्र भएनन की रिसाए पनि | परिक्षण किट नभएको, स्वाब जचाउन टेकु अस्पताल नै आउनुपर्ने, स्वास्थ्यकर्मीका लागि आधारभुत सामग्रीको ब्यबस्थापन , त्रेसिंगको/विदेशबाट फर्केका मानिसको एकान्तबास अनुगमन नगरेको, भारतबाट आउनेका लागि राम्रो प्रबन्ध नगरेको, खाध्यबस्तु र खाना पकाउने ग्यासको अभाब, दैनिक ज्यालादारी गर्नेलाई बेवास्ता आदि कुराले जनता आगो भयो |

## उद्देस्य

नेपाल सरकारले कोभिड १९ का बिरुद लड्न गरेको तयारीको बिस्लेष्ण गर्न यो अध्ययन र अभिलेखीकरण गरिएको हो |

## तार्किकता

मार्च २७ बाट जनता एकदम रिसाएको अनुभुती सामाजिक संजाल र संचार माध्यमबाट भयो | राम चन्द्र पौडेल-नेपाली कांग्रेस, रबिन्द्र मिश्र-साझा पार्टीले सर्बदलीय राजनीतिक संयन्त्रको माग गरे भने जनताले स्वास्थ्यमन्त्रीको राजिनामा मागे | जनता के काम नपाएर सामाजिक संजालमा रमाउन नै राजिनामा मागेका हुन् कि समस्या पनि छ पत्ता लगाउँनु थियो | उच्च स्तरीय समितीमा बिज्ञहरुको कमी देखिएको, स्वास्थ्य मन्त्रालयको प्रेस मिटिंग पनि

आलोचनात्मक रहेकोले समस्या पत्ता लगाउँन र पैरवी गर्न यो बिस्लेषण जरुरी भयो |

## बिधि

गुणात्मक विधिमा रहेर काम गरिएको हो | यसमा मार्च २८ दिउसो २ बजे सम्मको अबस्था मात्र बिस्लेषण गरिएको छ | बिशेषगरि यो रिपोर्ट डेस्क रिभ्यु हो | लकडाउनको समय पारेर बिशेष गरेर सामाजिक संजाल, मार्च १५ देखि २८ सम्म गुगलग्रुपको (NNSDEE@googlegroups) प्रेषण गरिएका विद्वानहरुको विचार, पत्र पत्रिकाका विचार, र नेपालको प्रधानमन्त्री, पररास्ट्र मंत्री, स्वास्थ्य मंत्री, आपूर्ति मंत्री, सातै प्रदेशका मुख्य मंत्री, समाज विकास मंत्रीहरुका सामाजिक संजाल, उनीहरुका कार्यालयका वेबसाइट, भारतमा प्रधानमन्त्री र स्वास्थ्य मन्त्रालयको आधिकारिक वेबसाइट र सामाजिक संजाल, नेपालका नीति नियम, बिश्व स्वास्थ्य संगठनले प्रकाशित गरेका सामग्रीको उपयोग गरिएको छ |

## नतिजा बिस्लेषण

विधिमा उल्लेख गरिएको सामग्रीको अध्ययन र अबलोकन गरिसकेपछी स्वाट विश्लेषण (सबल, दुर्बल, खतरा र अवसर) गरेर कमजोरीहरु पत्ता लगाइएको छ |

**सबल पक्ष:**

सरसर्ती हेर्दा नेपालको महाब्याधी संग लड्न तयारी देखिन्छ |

- संरचना  - संघ, प्रदेश, गाउँ/नगर पालिका, वडा सम्मको संरचना, संरचनामा खास जिम्मेबारी पाएका प्रतिनिधी, मन्त्रालय, उनीहरुका स्वकीय सचिब तथा बिषयगत सल्लाहकारहरु, कर्मचारीहरु
- नीति-  संबिधानमा संघ, प्रदेश र स्थानीय तहको विपद ब्यबस्थापनको लागि अख्तियारी, बहुमतको सरकार, [5]विपद जोखिम न्युनिकरण रास्ट्रिय नीति २०७५, उच्च स्तरीय समिती,

---

[5] http://drrportal.gov.np/uploads/document/1353.pdf

- स्वास्थ्य सम्बन्धि स्रोत - तालिम प्राप्त स्वास्थ्यकर्मीहरु, सरकारी र निजी अस्पतालहरु, अनुसन्धान परिषद र केन्द्रहरु, अन्तरास्ट्रिय संघ सस्थाहरु, गैर सरकारी संस्थाहरु, आमा समुह आदि

**<u>कमजोरी पक्ष</u>**

माथि उल्लेखित सबल पक्ष हुंदाहुदै पनि निम्नलिखित कमजोरी पनि देखिएको छ |

- महाब्याधी वा कोभिड १९ कै बारेमा राम्रोसित ज्ञान नहुनु
- महाब्याधी जोखिम कम हाक्नु
- उच्च स्तरीय समितीमा बिज्ञहरु समाबेश नगर्नु वा बिज्ञ समूह निर्माण नहुनु
- कोभिड्को १९ कुनै एक बिरामी वा धेरै बिरामी देखियो भने गर्नुपर्ने प्रोटोकलको सुक्ष्म बिस्लेषण र भिजुलाइजेशन गर्न नसक्नु |
- भारत र अन्य मुलुकबाट नेपाल आउनेहरुको ब्यबस्थापन चुस्त नदेखिनु,

**<u>खतराजन्य पक्ष</u>**

माथि उल्लेखित सबल र कमजोरीको साथसाथै बाहिरी र खतराजन्य निम्न अबस्थाहरु पनि मुलुकले खेपिरहेको थियो |

- बैज्ञानिकहरु कोभिड १९ अझै अनुसन्धानको क्रममा हुनु |
- बिकसित भनिएका, राम्रो स्वास्थ्य प्रणाली मानिएका देश इटाली, स्पेन, फ्रान्स, अमेरिकालाई कोभिड १९ सँग जुध्न हम्मेहम्मे पर्नु |
- आकस्मिक धेरै बजेट बिश्व स्तरमा नै आबस्यक, अप्रत्यासित आर्थिक भार
- सहकार्य, साझेदारीको गर्नुको सट्टा पलायन वा प्रतिस्पर्धा हुनु, राजनैतिक र आर्थिक विचारका आधारमा निर्णय लिनु
- अन्तरास्ट्रिय र रास्ट्रिय राजनीति/ दलको खिचातानी, प्रतिस्पर्धा
- नेपाली समाज जहाँ भए पनि प्रमाणमा भन्दा अतिरंजनामा रमाउने, पारम्परिक प्रवृति, बिज्ञान भन्दा पनि अन्धबिस्वाशको बढी भरोसा गर्ने

- खुल्ला सिमाना हुनु ।
- प्रधानमन्त्रीले आराम गर्नुपर्ने समय र महाब्याधीको समय एकै पर्नु

**<u>अबसरको पक्ष</u>**

महाब्याधीको विषम अबस्थामा पनि नेपालको लागि पनि केहि निम्न अबसरहरु थिए ।

- डिजिटल प्रबिधी, संचार र सामाजिक संजालको बिकाश ।
- कोभिड १९ बिकसित देशमा बढी देखिनु, प्राथमिकता र अनुसन्धानको लागि अबसर, नयाँ नयाँ प्रबिधिको बिकाश हुँदै ।
- तापक्रम बढ्दै जाने मौसम पनि शुरु हुनु (तथापी तापक्रम र भाइरसको सम्बन्ध पत्ता लागिसकेको छैन वा अनुमान) ।
- नेपाललाई मौका (विन्डो पिरियड) प्रशस्त पाउनु ।
- सार्क तहमा समन्वय तथा कोष खडा गर्नु, छिमेकी देश चीन सहयोग गर्न आतुर हुनु ।

## छलफल:

कोभिड १९ रोकथाम र ब्यबस्थापनका नेपाल सरकार र सरकारका प्रतिनिधिहरुले लिएका कदमहरुलाई बिश्व स्वास्थ्य संगठन र नेपालका नीतिगत दायराभित्र रहेर निम्न बुदामा छलफल गरिएको छ ।




**<u>१. बुझाइमा कमजोरी:</u>**

अपवादमा बाहेक सिंगो सरकारी निकाय कोभिड १९ को बारेमा मार्च २८ वा यो अभिलेखको लागि तथ्यांक तयार पार्दासम्मको अवस्थाले जनाउछ । यो

कस्तो खालको भाइरस हो, यो कसरी, कहाँ, कहिले सम्म बाच्छ, अनुसन्धानले के के भनेको छ, कस्तो कस्तो उपाय गर्यो भने रोकथाम गर्न सकिन्छ भन्ने बारेमा तिन महिना भन्दा बढी समयमा आफै वा सल्लाहकार वा तालिम नै लिएको भए पनि सकिन्थ्यो |




नेतृत्व तहमा बस्नेहरु नै अन्दाजमा कुरा गर्ने, अवस्थाप्रति गम्भीर भएको नतिजाले नदेखाएको, प्रस्ट देखिन्छ |








यसै सन्दर्भमा

बिश्व स्वास्थ्य संगठनले सिफारिस गरेको आधारमा देशको नीति बमोजिम तयार गर्नुपर्ने आबस्यक सामग्री, विधिको प्रोटोकल बनाउन पनि पछी परेको देखिन्छ | बिरामी भेटीइ सकेपछी, बिरामी अस्पतालबाट फर्कनु परेपछि (मार्च २० मा नवलपरासीको बिरामी परासी अस्पताल, बुटवल, काठमाडौँको निजी अस्पताल, टेकु अस्पताल, फर्कर फेरी परासी अनि पत्रिकामा आएपछि बल्ल खोजी)[6], संचारमा आएपछि मात्र पिपिई धमाधम बनाउन (मार्च २६ मा जब भारतमा पछी नेपालमा लकडाउन पनि घोषणा भयो र भारत काम गर्न गएका नेपाली फर्कने क्रम बढ्यो स्वास्थ्यकर्मीबीच होहल्ला नै किनभने भारतमा बिशेष गरेर डिल्ली र लखनउमा कोभिड १९ बिरामी भएको सूचना प्रकाशित भैसकेको थियो)[7], किन्न

[6] http://annapurnapost.com/news/150798
[7] Facebook of Dr. Mangal Rawal Head of KHAS, Jumla

प्रकृया बढाएको घटनाबाट स्पष्ट हुन्छ | एक दुइ महिना अघि यसरी नै बर्षाती वा बिस्कुटको पलास्टिक (मार्च २६,पाल्पा)[8] अनौठो हुदैनथ्यो होला पनि |

म्याथम्यतिकल (Mathmatical) मोड्लिंग गरेर सम्भावित रोगीको आंकलन, तिनको  उपचारमा आबश्यक स्वास्थ्यकर्मी, सामग्री विशेष गरेर परिक्षण किट, भेन्टिलेटरको हिसाबकिताब नै नभएको देखिन्छ |

स्वास्थ्यकर्मीहरुमा पनि कोभिड्को ज्ञान भन्दा पनि डर देखिन्छ | स्व अध्ययन गर्ने सस्कार पनि नहुनु, भएकै भए पनि यस्तो भर्खर जन्मिएको महाब्याधीको लागि अभिमुखीकरण गर्नुपर्ने त्यो पनि देखिदैन | बिकशित मुलुकमा पनि स्वास्थ्यकर्मी बिरामी र मृत्युबरण गरेको समयमा नेपाली स्वास्थ्यकर्मी डराउनु स्वाभाविक नै देखिन्छ | सरकारले भत्ता दिने घोषणा गरेर झनै अपमान र डर दुवै सृजना गरेको भान हुन्छ | सबै स्वास्थ्यकर्मीको आफ्नै घर नहुने भएकोले परिबारलाई जोगाउँने र जोगिनको लागि पनि बैकल्पिक उपाय जस्तो होटेल योजनामा देखिदैन |  खाली देखिने कुरा जस्तो क्वारेन्टइन अस्पताल र बेडका कुरा भए तर गुणस्तर र स्वास्थ्यकर्मीको सुरक्षाले प्राथमिकता पाएन | सामग्री र सिप भएपछी आत्मबिस्वाश र बिरामी राख्ने ब्यबस्था वा बिकल्प उनीहरुले गर्न सक्थे | चुनाबका बेला म्यादी प्रहरी राखियो, तर बजारभर लाइसेन्स हातमा लिएर बसेका स्वास्थ्यकर्मीलाई अभिमुखीकरण गर्ने र ढुक्कले परिचालन गर्ने सोच देखिएन तर अस्पतालहरु पहिले नै बढी भार खेपिरहेको बेला कोभिड १९ ले झन् डर र चिन्ता ल्यायो |

## **२. प्रचारप्रसार कमी**

बिषयगत तथ्यलाई साँघुरो बनाएर प्रचार भयो अर्थात् हात धुने कुरा मात्र प्रमुख आए | हाम्रो जस्तो हात नधुने सस्कार, साबुन र पानीकै खडेरी हुने समाजमा हात किन धुने प्रश्न आउछ | जब सम्म कोभिड १९ को प्रकृति बुझ्दैनन

---

8 https://thahakhabar.com/news/94422?fbclid=IwAR1atPnwKWeCooTUKj1C55sAQYmZruPYBFgzhcQZKonZAOQXRwJ763bteLs

तबसम्म ब्यबहार परिबर्तन गर्न गार्हो हुन्छ | सातवटै प्रदेशमा स्थानीय भाषा, सांकेतिक भाषा प्रयोग गरेर, सरकारको नामबाट, कोभिड़ १९ का सबै पक्ष बिशेषगरेर बिश्व स्वास्थ्य संगठनले सामान्य नागरिकलाई सिफारिस गरेका जस्तो त्रेसिंग, लकडाउन लगायतका सन्देशहरु पहिले देखि नै सघन रुपमा गर्नका लागि प्रशस्त समय थियो |

कोभिड १९ जति व्यापक छ त्यति नै व्यापक छ डिजिटल प्रबिधि पनि | पछिल्लो समय इन्टरनेट र डाटा भात नखाएर पनि चलाउने संस्कृती बिकाश भएको, लकडाउन र बिकसित देशले सामना गरिरहेको चुनौतीका कारण पनि डिजिटल प्रबिधि प्यारो बनीरहेको सन्दर्भमा यसको भरपुर प्रयोग एक मौका थियो | भारतका प्रधानमन्त्री, स्वास्थ्यमंत्रीका मन्त्रालयका वेबसाइट अपडेट भएका, संदेश दिइरहेका, व्यक्तिगत पेजहरु पनि चलायमान थिए, कोभिड १९ ले भरिएका थिए भने नेपालको प्रधानमन्त्री, स्वास्थ्यमंत्री, मुख्यमंत्री, सामाजिक विकास मन्त्रीका आकलझुक्कल र अपबादमा बाहेक प्राय शुन्य नै थिए कतिको

| मन्त्रालय | भारत | नेपाल |
|---|---|---|
| प्रधानमन्त्री | वेबसाइट मा फोटो संगै आधा वाक्यको कोभिड १९ संग लड्ने संदेश राखिएको छ \| दुइ वटा फोटो कोभिड १९ सम्बन्धित थिए \| मार्च २८, २७ मा संचार माध्यममा बोलेको,बेलायत, दुबईका प्रधानमंत्री संग कुरा गरेको विवरण राखिएको छ \|फेसबुकमा मार्च २४ मा भिडियो अपिल छ \| ट्वीटर अपडेट छ \| | • वेब साइटमा सलाइडरमा राखिएको कुनै पनि फोटो कोभिड १९ संग सम्बन्धित छैन\|हेल्लो सरकार मार्च २३ मा सहायता कोषको अपिल छ \|<br>• प्रधानमंत्रीक पेजमा स्वास्थ्यकर्मीलाई गरिएको अपिल मार्च २६, ५.०५ मा राखिएको छ \|<br>• मार्च १३ मा भारतीय प्रधानमन्त्रीको दक्षिण एसियाली मुलुकहरुमा सहकार्य गर्ने बिचारलाई स्वागत गरेको संदेश देखिन्छ \| |
| स्वास्थ्य मन्त्रालय | स्वास्थ्य मन्त्रालयको पेजमा कोभिड १९ को अपडेट, सम्पर्क व्यक्ति, नम्बर, | • [9]फेसबुक पेजको कभर पेजमा मन्त्रीको फोटो राखिएको छ, अनि |

[9] https://www.mohp.gov.np/en/

| | | |
|---|---|---|
| | आदि  मात्र छ । फेसबुक र ट्वीटर पनि अपडेट छ । कभर फोटोहरु पनि कोभिड कै जानकारीले भरिएको छ । | १८ घण्टा अघिको धनगढीको केशको बारेमा भिडियो छ ।<br>•वेबसाइटमा पेज खोल्दा नै कोभिड १९ को मार्च २६, ६ बजेमा अपडेट देखिन्छ ।<br>•सलाइडरमा राखिएको ५ वटा फोटोले कोभिड १९ प्रतिनिधित्वको केहि गर्दैनन<br>•सुचनामा मार्च २५ गते राखेको बिज्ञापन छ ।<br>•आपतकालीन ब्यबस्थापन पोर्टलमा राखिएको तथ्यांकमा तीन वटा घटना छ भनिएको छ, मार्च २७ मा अपडेट गरिएको छ भने निर्देशिका मार्च ६ देखि २६ सम्म मात्र अपडेट गरिएको देखिन्छ । रास्ट्रिय सूचना अन्तर्गत जनवरी २३ मा राखिएको कोभिड १९ को सूचना छ । |

त संचालन पनि गरिएको थिएन, अपडेट पनि थिएन । कि परम्परागत शैली कटुवाल लगाउँन सहयोग गर्नुपर्थ्यो कि त आधुनिक प्रबिधिको भरपुर प्रयोग । फेरि कोभिड १९ ले विधुतीय प्रणाली स्वीकार्नुको बिकल्प पनि थिएन । सरकारको अधिकारिक सूचना नै खोज्दछ जनता जब दुख पाउछ । संक्रमित व्यक्तिलाई लाज वा गाली गर्नु सामाजिक अपराध हो, त्रेसिंग, आइसोलेशन, आदि राम्रोसित बुझाउन सकेको भए, लकडाउन शुरु गर्नु अगाडी नै बुझाउन सकेको भए घर घरले संक्रमणको सम्पर्कमा आउनसक्ने सबैलाई समाएर प्रहरीलाई बुझाउथे । मौका गुमेको छ र पोजेटिभ देखिएका बिरामीको प्रकृतिले अब के हुन्छ भनेर तर्साएको छ ।

## ३. समन्यवको कमी

सरकारले शुरुदेखि नै सरकारी संयन्त्र, आयोगहरु, स्वास्थ्य प्रतिष्ठान, निजी अस्पताल, अनुसन्धान केन्द्रहरु, ब्यापारीहरु, गैरसरकारी निकाय, पेशेवर संघ संगठन, मजदुर संघ संगठन आदिसंग परामर्श र सहकार्य गरेको देखिदैन | सामाजिक संजाल र गुगलग्रुपहरुमा देखिने दिक्दारी यहि कमजोरीको उपज मान्न सकिन्छ |

रास्ट्रिय प्रयोगशालामा संक्रमित भएको बिबरण मन्त्रालयले पत्रकार सम्मेलन गरेपछि थाहा पाउने प्रणाली प्राबिधिक र इथिकल दुवै दृस्टीकोणले त्रुटी हो | परिणामस्वरूप स्वास्थ्यकर्मी बिशेषगरि सरसफाई गर्ने, लामो समय सेबा दिने व्यक्तिहरुमा बिस्वाश गुमेको, हिनताभाब र डर उब्जिएको देखिन्छ |

चारदिन अगाडी खाद्य सामग्री, खाना पकाउने ग्यास छ महिनालाई छ भनेर संचार माध्यममा बोल्ने मंत्री, सात किलोको ग्यास दिन अपिल गर्ने,मार्च महिनाको शुरुमै ग्यास नपाईने अवस्थालाई अनुगमन नगर्ने वा कारबाही नगर्ने सस्कारले जनतामा बिस्वाश भन्दा पनि दिक्दार उब्जाएको देखिन्छ |

त्यस्तै सरकार सरकार बीच पनि समन्वय देखिदैन | बिदेशमा काम गर्ने, ज्यालादारीमा काम गर्ने, गर्भवती र सुत्केरी महिला, अपांग, जेष्ठ नागरिक, भारत वा अन्य मुलुकमा गएको बिबरण त वार्ड वार्ड मा कण्ठ हुनुपर्ने थियो | जनप्रतिनिधिले काम गर्न थालेको पनि झन्डै ३ वर्ष भैसकेको अबस्था पनि निर्देशन गर्ने/दिने, सामाजिक संजालमा आफै वा आसेपासेबाट लेख्न लगाउँने, छोप्न खोज्ने, ढाक्न खोज्ने, जित्न खोज्ने प्रवृतिले सरकार, सरोकारवाला र सर्बसाधारण बीच विश्वासको खाडल गहिरो र पिरो भएको देखिन्छ | मात्रै माध्यम फरक थिए तर भाषा र मर्म एकै थियो |

## ४. उत्तरदायी सरकारको कम अनुभूति

यस शिर्षकसंग मिल्ने केहि कुराहरु माथि नै आइसकेको छ | दोहोरिएको जस्तो पनि लाग्छ तर यसलाई छुट्टै बुदामा पनि छलफल गर्नुपर्छ किनकी सरकार

भनेकै दुख पर्दा हो, नसक्नेहरुका लागि हो | सरकारलाई प्रतिनिधित्व गर्ने व्यक्तिहरु बिशेष गरि उप प्रधानमत्री र स्वास्थ्यमंत्री जनता, स्वास्थ्यकर्मी र पत्रकारप्रति धन्यबाद दिनुभन्दा पनि आक्रामक भएर प्रस्तुत भए | महाब्याधीको अगाडी मोर्चा कस्ने स्वास्थ्यकर्मीसित सिंगो जनता थिए, उनीहरुको स्वास्थ्य, सुरक्षाप्रति आमुल अभियान भर पर्थ्यो | बिगतको अनुभवले स्वास्थ्यकर्मी र जनता ढुक्क हुन् सकिरहेका थिएनन् | स्वास्थ्यकर्मीले लगाउँने सामग्री मंत्री निबासमा पुगेका फोटो सामाजिक संजालमा आउने थाले, कालोबजारीको संकेत देखिन थाल्यो, मनोबैज्ञानिक आशंका र डर झनै बढ्यो जो स्वाभाविक थियो | भत्ता,बिमा भन्दा पहिले आशंका गरिएको बिरामी सुरक्षित कसरी स्वास्थ्य सस्थासम्म  ल्याउने र सुरक्षितरूपमा कसरी परिक्षण र उपचार गर्ने प्रणालीको चित्र कोर्न सकेको भए विश्वास बढ्न सक्थ्यो होला | प्रधानमन्त्रीप्रति नाकाबन्दीको साहसलाई जनता प्रशंसा मात्र हैन आशा पनि गर्छन उहाको स्वास्थ्यकर्मीलाइ मार्च २६ मा गरिएको अपीलले राहत त मिल्छ तर सामग्री नै छैन | जनवरी २३ देखि आजसम्म वा करीब दुइ महिना सरकारले के गर्यो प्रश्न जनता तिर हैन सरकारतिर नै फर्केको छ |  हाम्रोमा मात्र हैन, बिश्व नै आक्रान्त छ, धनी देशले समाल्न सकेको छैनन् हाम्रो त ...भने आशयबाट सरकार प्रस्तुत हुनु नै आफ्नो खुट्टामा आफैले बन्चरो हान्ने जस्तो देखियो | यहि मौका पारेर प्रतिपक्ष र अन्य राजनीतिक दलको सहयोग गर्ने भन्दा धमिलो पानीमा माछा मार्न खोज्ने प्रवृतिले जनमानसमा शंका थापियो |

**प्रदेश २**

- मुख्यालयको वेब साइटमा सलाइडरमा राखिएको कुनै पनि फोटो कोभिड १९ संग सम्बन्धित छैन | मुख्यमन्त्रीको फेसबुक पेजमा मार्च २४ मा हालसम्मको तयारीको एक पेजको सूचना छ भने वेब साइटमा दशैको संदेश देखिन्छ |
- समाज बिकाश मन्त्रालयको वेब साइटमा तयारी अबस्थामा छ | ताजा समाचारमा कोभिड १९ को टोल फ्री नम्बर राखिएको छ | फेसबुक पेज मार्च १९, २०१९ बाट अपडेट नै छैन |

संबिधानमा अनुसूची ७,८,९ मा कोभिड १९ सम्बोधन गर्न संघ, प्रदेश र स्थानीय सरकारको भूमिका उल्लेख गरिएको छ। अनुसूची ८ अनुसार स्थानीय तहको एकल भूमिका इंकित गर्छ। टोल टोलका मानिसहरुको २४ घन्टे गतिबिधि अनुगमन गर्न सकिने संरचना छ तर जनताकेन्द्रित गतिबिधि शुन्य प्राय: देखिन्छ। संघियताको मर्मनै बिथोलिएको देखिन्छ जुन जनताप्रति उत्तरदायी हुनु नपर्ने पैसा र पाखुराले राजनीति पदको रजाई गर्नपाउने सस्कार, पढ्ने, सुन्ने, अपडेट हुने भन्दा लहैलहैको पछीलाग्ने पुरानो प्रवृति हाबी भएको देखिन्छ। पहिलो पोजेटिभ व्यक्ति देखि यो अभिलेख तयार गर्दासम्म बिस्लेषण गर्ने हो भने अहिलेको राजनीति नेतृत्व अधिकाम्स हेलचक्र्याइ गर्ने, अपरिपक्क र अपूर्ण देखिन्छ। अबको राजनीति कुरा भन्दा कामको आधारमा हुन् सक्ने संकेत देखिन्छ।

**सुदूरपश्चिम प्रदेश**

- मुख्यालयको फेसबुक पेज २०१८, अगस्ट देखि नै अपडेट छैन। मुख्य मन्त्रीको फेसबुक पेज भेटिएन।
- वेब साइटमा पेज खोल्दा नै कोभिड १९ बारे केहि देखिदैन।
- सुचनामा मार्च २३ मा बैठकको निर्णय राखिएको छ ।
- समाज बिकाश मन्त्रालयको सलाइडरमा एउटा फोटो कोभिड १९ सूचना राखिएको छ।

## निचोड र सुझाब

सरकार भनेकै आपदविपदका लागि हो। जतिसुकै गरिब मानिस पनि सकेसम्म आफनै जोहो गर्न चाहन्छ। सरकारका झन्झटिलो पद्दति, शक्तिसंगको पहुच हुनुपर्ने सस्कार, भ्रस्टाचारमा लिप्त अभ्यास भएका कारण बिकल्प हुँदासम्म सरकारको गुहार माग्दैन वा आस गर्दैन नेपाली हुँदा खाने समाज वा जनता। तर सरकारले गरेका बिगत दुई महिनाको समय खासै जनतामुखी काम गर्न नसकेको रुवाबासी, नारा, गालीगलौज गरेपछि मात्र गर्न अलिकति गरिदिएकोले

जनता निराश र त्रास मा बाच्न बाध्य भएको देखिन्छ | अपवादमा बाहेक सरकारका प्रतिनिधी सक्षम नभएको पनि देखिन्छ |

यस्तो समयमा गर्ने भनेको मात्रै जनतालाई छिटो छिटो तर नियमित वा नियम बनाएर सत्य कुरा बाहिर ल्याउने नै हो | सक्छु कसरी सक्छु, सक्दिन किन र कसरी सक्दिन स्पष्ट भन्ने नै हो | गाली (अनुगमन) र सुझाब दिन प्रेरित गर्दै कुनै पद, प्रतिष्ठा, दल भन्दा माथि उठेर जनताको सेबा मै जुट्ने हो | गर्दागर्दै नभएको चित्त बुझाउन सकिन्छ तर कुराले टार्न खोज्नु, ढिलो गर्नु त अपराध नै हो | बहुमत पाएको कम्युनिस्टको सरकार गरिब, निमुखा जनताको प्रतिनिधत्व बाटोमा बास बस्ने व्यक्तिको बाच्न पाउने अधिकार सुनिस्चित गर्न सक्नुपर्दछ |

## सिमितता

मार्च २८ दुई बजेसम्मका जानकारी र तथ्यांक समेटिनु यसको सिमितता हो |

## अनुसूची

**मार्च २८, १३. ३९ मा निम्न लिखित नामका वेबसाइट र सामाजिक संजाल हेर्दा देखिएको अबस्था**

**१. प्रधानमन्त्री कार्यालय**

- वेब साइटमा सलाइडरमा राखिएको कुनै पनि फोटो कोभिड १९ संग सम्बन्धित छैन|हेल्लो सरकार मार्च २३ मा सहायता कोषको अपिल मात्र छ |
- प्रधानमंत्रीको स्वास्थ्यकर्मीलाई गरिएको अपिल मार्च २६, ५.०५ मा राखिएको छ | मार्च १३ मा भारतीय प्रधानमन्त्रीको दक्षिण एसियाली मुलुकहरुमा सहकार्य गर्ने बिचारलाई स्वागत गरेको संदेश देखिन्छ |

**२. [10]स्वाथ्य मन्त्रालय**

- फेसबुक पेजको कभर पेजमा मा मन्त्रीको फोटो राखिएको फोटो छ, अनि १८ घण्टा अघिको धनगढीको केशको बारेमा भिडियो छ |
- वेब साइटमा पेज खोल्दा नै कोभिड १९ को मार्च २६, ६ बजेमा अपडेट देखिन्छ |
- सलाइडरमा राखिएको ५ वटा फोटोले कोभिड १९ प्रतिनिधित्वको केहि गर्दैनन |
- सुचनामा मार्च २५ गते राखेको बिज्ञापन छ |
- आपतकालीन ब्यबस्थापन पोर्टलमा राखिएको तथ्यांकमा तीन वटा घटना छ भनिएको छ, मार्च २७ मा अपडेट गरिएको छ भने निर्देशिका मार्च ६ देखि २६ सम्म मात्र अपडेट गरिएको देखिन्छ | रास्ट्रिय सूचना अन्तर्गतजनवरी २३ मा राखिएको कोभिड १९ को सूचना छ | ईपिदेमियोलोजिको पनि हाल उस्तै उस्तै छ |

---

[10] https://www.mohp.gov.np/en/

**<u>३. आपूर्ति मन्त्रालय</u>**

- फेसबुक पेजको कभर पेजमा हेलो सरकार किन लेखिएको सूचना छ र पोस्ट चाही मार्च १५ २०१८ को जुन वेबसाइटमा जोडिएको फेसबुकको खाता हो |
- वेब साइटमा पेज खोल्दा नै कोभिड १९ बारे केहि देखिदैन |
- सलाइडरमा राखिएको फोटोले कोभिड १९ प्रतिनिधित्वको केहि गर्दैनन |
- सुचनामा मार्च २७ गते कति चामल, चिनी र नुन सकियो कति बाकि छ को सूचना छ |

**<u>४. पररास्ट्र मन्त्रालय</u>**

- पेज खोल्ने थप बितिक्कै लामो विशेष सूचना देखिन्छ जहाँ क्रमश मार्च २५, उच्च स्तरीय समितीको सूचना, मार्च २४ को १२ बैठकको अभिलेख, सरुवा रोग एन १९६३ लाइ कोरोनको लागि परिमार्जन, सम्मानीय प्रधान मन्त्रीको संदेश, मार्च १८ र मार्च १३ मा इमिग्रेशन विभागको सूचना |
- मन्त्रालयको फेसबुकमा मार्च १३ मा यात्रा निषेध गरिएको सूचना र ट्वीटरमा मार्च २६ को प्रधानमंत्रीको अपिल छ |
- मन्त्रीको फेसबुक मा मार्च २७, ११ मा सेतो पाटीको कोभिड्को समाचार र ४.०६मा अरुको भित्तोबाट साभार गरिएको उच्च समितीले मुख्य मंत्रिहरुसंगको गरेको भिडियो बैठकको फोटो छ | (कोरोना रोकथाम तथा र नियन्त्रण उच्चस्तरीय समन्वय समितीका संयोजक तथा माननीय उप-प्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेलज्यूले ७ वटै प्रदेशका माननीय मुख्यमन्त्रीज्यूहरुसँग सिंहदरवारबाट भिडियो कन्फिरेन्समार्फत छलफल ! उच्चस्तरीय समन्वय समितीको निर्णय, नीति तथा कार्यक्रमका बारेमा माननीय मुख्यमन्त्रीहरुलाई जानकारी गराउने र प्रदेशहरुको अवस्था तथा समस्याका बारेमा जानकारी लिनका लागि छलफल आयोजना !
उच्चस्तरीय समन्वय समितीको बैठक आज बेलुका ५ बजे प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा हुने ! )

## सुदूरपश्चिम प्रदेश

- मुख्यालयको फेसबुक पेजको २०१८, अगस्ट देखि नै अपडेट छैन |
- वेब साइटमा पेज खोल्दा नै कोभिड १९ बारे केहि देखिदैन |
- सुचनामा मार्च २३ मा बैठकको निर्णय राखिएको छ |
- समाज बिकाश मन्त्रालयको सलाइडरमा एउटा फोटो कोभिड १९ सूचना राखिएको छ |
- मुख्य मन्त्रीको फेसबुक पेज भेटिएन |

## कर्णाली प्रदेश

- मुख्य मन्त्रीको वेब साइटमा सलाइडरमा कुनै संदेश छैन | मुख्यमन्त्रीको फेसबुक पेजको २०१८, अगस्ट देखि नै अपडेट छैन | वेब साइटमा पेज खोल्दा नै कोभिड १९ बारे केहि देखिदैन |
- सुचनामा मार्च २१ मा कोभिड्को संदेश राखिएको |
- समाज बिकाश मन्त्रालयको वेब साइटमा सलाइडरमा दुइवटा फोटो कोभिड १९ बारे जनचेतनाको सूचना राखिएको छ | फेसबुक मार्च २७ मा कोभिड १९ संग लड्न आर्थिक सहयोगको अपिल गरेको अपिल पत्र राखिएको |

## प्रदेश ५

- मुख्यालयको वेब साइटमा सलाइडरमा राखिएको कुनै पनि फोटो कोभिड १९ संग सम्बन्धित छैन तर ताजा सूचना (तलको समाचार कोभिड संग सम्बन्धित छ) | कोरोना अपडेट सब मेनु त छ तर केहि छैन | टुवीटर प्रयोग गरिएको छ | कोभिड् १९ को निर्देशिका मार्च ६ मा पोस्तिएको छ |
- मुख्यमन्त्रीको फेसबुक पेजमा २४ घन्टामा पोस्तिएका मध्य कोभिड सहायता कोष, सामाजिक दुरी, स्वास्थ्य मन्त्रीको बचावट र राप्ती स्वास्थ्य प्रतिष्ठानमा परिक्षण गर्ने तयारी उल्लेख गरिएको छ |

- समाज बिकाश मन्त्रालयको वेब साइटमा सलाइडरमा कोभिड १९ सम्बन्धित केहि पनि छैन | फेसबुक मार्च २५ गते भिम अस्पताललाई अपग्रेड गर्ने समाचार छ |

**गण्डकी प्रदेश**

- मुख्यालयको वेब साइटमा सलाइडरमा राखिएको कुनै पनि फोटो कोभिड १९ संग सम्बन्धित छैन | मार्च २७, ९.४७ मा फेसबुक पेजमा मुख्य मन्त्रीको अपिल छ |
- समाज बिकाश मन्त्रालयको वेब साइटमा सलाइडरमा कोभिड १९ सम्बन्धित केहि पनि छैन | ताजा समाचारमा कोरोना सहायता कोषमा सहयोगको अपिल छ |

**बागमती प्रदेश**

- मुख्यालयको वेब साइटमा सलाइडरमा राखिएको कुनै पनि फोटो कोभिड १९ संग सम्बन्धित छैन तर ताजा सूचना (ताजा समाचार कोभिडसंग सम्बन्धित छ) |
- मुख्यमन्त्रीको फेसबुक पेजमा मार्च २७ मा जनचेतना, अपिलको दुइवटा अपिल संदेश छ | ट्वीटर छ तर सहिद दिबस देखि अपडेट छैन |
- समाज बिकाश मन्त्रालयको वेब साइटमा सलाइडरमा कोभिड १९ सम्बन्धित छ | सूचना पाटीमा मार्च २८ को स्वास्थ्य सामग्री खरिद गर्ने निर्देशिका छ |

**प्रदेश २**

- मुख्यालयको वेब साइटमा सलाइडरमा राखिएको कुनै पनि फोटो कोभिड १९ संग सम्बन्धित छैन | मुख्यमन्त्रीको फेसबुक पेजमा मार्च २४ मा हालसम्मको तयारीको एक पेजको सूचना छ भने वेब साइटमा दशैंको संदेश देखिन्छ |

- समाज बिकाश मन्त्रालयको वेब साइटमा तयारी अबस्थामा छ | ताजा समाचारमा कोभिड १९ को टोल फ्री नम्बर राखिएको छ | फेसबुक पेज मार्च १९, २०१९ बाट अपडेट नै छैन |

**प्रदेश १**

- मुख्यालयको वेब साइटमा सलाइडरमा राखिएको कुनै पनि फोटो कोभिड १९ संग सम्बन्धित छैन | सूचना उप शीर्षकमा मार्च २५, १२.२७ मा कोषको लागि अपिल र ४.१७ मा राखिएको कोरोना सूचना डेस्क को जानकारी राखिएको छ |
- समाज बिकाश मन्त्रालयको वेब साइटमा सलाइडरमा कोभिड १९ सम्बन्धित २ वटा फोटो राखिएको छ | कोरोना भाइरसको भ्रम र यथार्थ को जानकारी छ | फेसबुक मार्च २६ मा अरुकै वालबाट सेयर गरिएको कोभिड्को भिडियो छ भने मार्च ६ मा तयारी गरेका समाचार राखिएको छ |

**भारतीय प्रधानमन्त्री**

- वेबसाइट मा फोटो संगै आधा वाक्यको कोभिड १९ संग लड्ने संदेश राखिएको छ | दुइ वटा फोटो कोभिड १९ सम्बन्धित थिए | मार्च २८, २७ मा संचार माध्यममा बोलेको,बेलायत, दुबईका प्रधानमंत्री संग कुरा गरेको विवरण राखिएको छ |फेसबुकमा मार्च २४ मा भिडियो अपिल छ | ट्वीटर अपडेट छ |

**भारतीय स्वास्थ्यमन्त्री**

- स्वास्थ्य मन्त्रालयको पेजमा कोभिड १९ को अपडेट, सम्पर्क व्यक्ति, नम्बर, आदि  मात्र छ | फेसबुक र ट्वीटर पनि अपडेट छ | कभर फोटोहरु पनि कोभिड कै जानकारीले भरिएको छ |